## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय राजबिराज, सप्तरीका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०४/०७ गते बिहिबारको जनकपुर टुडे दैनिक पत्रिका)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नु भएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय राजबिराज, सप्तरीमा** दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०५/१८ गते बिहिबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय राजबिराज, सप्तरीमा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम विक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**१ ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६७/०६/१० मा दर्ता नं. ७६४३८/०६७/०६८ भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, लाहानबाट मिति २०६८/०१/०६ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०४८०१०११ को प्रमाणपत्र प्राप्त **खाँन अटोमोवाइल एण्ड इलेक्ट्रोनिक्स सप्तरी प्रा.लि.** ।
ठेगाना : सप्तरी जिल्ला राजबिराज न.पा. वडा नं. ४ ।

| | |
|---|---|
| **संचालक तथा जमानतकर्ता : कली मुज्जमा खाँ** (ना.प्र.नं. ७६०८०१३५९ जारी मिति २०४४/०५/१७, प्रतिलिपि जारी मिति : २०७३/०९/१३, जारी गर्ने कार्यालय : जि.प्र.का. सप्तरी) । ठेगाना : सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ३ (साविक राजविराज न.पा. वडा नं. ४) । बाबु : ओली उज्जमा खाँ । बाजे : अब्दुल रहमान खाँ । | **जमानतकर्ता : जकिया खान** (ना.प्र.नं. १६२०२१, जारी मिति २०५९/१०/०१, जारी गर्ने कार्यालय: जि.प्र.का. सप्तरी) । ठेगाना : सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ३ (साविक राजविराज न.पा. वडा नं. ४) । बाबु : वजि उद्धिन मिया । पति : कली मुज्जमा खाँ । ससुरा : ओली उज्जमा खाँ । |
| **जमानतकर्ता : अनस खान** (ना.प्र.नं. १६-०१-७०-०१०७१, जारी मिति २०७०/०२/२१, प्रतिलिपि जारी मिति : २०७१/११/१२ जारी गर्ने कार्यालय : जि.प्र.का. सप्तरी) । ठेगाना : सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. २ (साविक राजविराज न.पा. वडा नं. ९) । बाबु : कली मुज्जमा खाँ । बाजे : ओली उज्जमा खाँ । | **जमानतकर्ता : खालिद कलिम खान** (ना.प्र.नं. १६१००१/१२०३, जारी मिति २०७४/०३/१३, जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी) । ठेगाना : सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ३ । बाबु : कली मुज्जमा खाँ । बाजे : ओली उज्जमा खाँ । |

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१ **कली मुज्जमा खाँ**को नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला राजबिराज न.पा. वडा नं. ४, नक्सा सिट नं. ४, स्थित कित्ता नं. क्रमश: ५०९, ६२६, ६२७ र ६२९ क्षेत्रफल क्रमश: ०-०-५, ०-०-१०, ०-०-१० र ०-१-१९ (विघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत................. ....१

२ **कली मुज्जमा खाँ**को नाममा मालपोत कार्यालय राजविराज सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला राजबिराज नगरपालिका वडा नं. ३, स्थित बल्क २५, साविक कित्ता नं. ११४, ११४ क्षेत्रफल ०-०-४ र ०-०-१२.५ (विघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत.......१

३ **जकिया खान**को नाममा मालपोत कार्यालय बिराटनगर, मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला बिराटनगर उ.म.न.पा. वडा नं. ७, नक्सा सिट नं. १७८०७४३०१ स्थित कित्ता नं. २२६ क्षेत्रफल २१२ (वर्ग मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..............१

४ ऋणी **खाँन अटोमोवाईल एण्ड ईलेक्ट्रोनिक्स सप्तरी प्रा.लि.को** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय राजबिराजबाट** समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय राजविराज, सप्तरीमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x27